**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०२ अप्रेल २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. भाजपाका बरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदी आगामी 4 अप्रेल्को दिन आफ्नो चुनावी भ्रमणको क्रममा कुचबिहार आउनु हुनेछ ।

२. निर्वाचन आयोगले लोकसभा चुनावमा निगरानी राख्न पश्चिम बंगालसहित 6 राज्यमा पर्यवेक्षकहरूको नियुक्ति गरेको छ।

३. कांग्रेस पार्टीले लोकसभा चुनावको लागि 17 जना उम्मेद्वारहरुको अर्को सूची आज जारी गरेको छ I दार्जीलिंग लोकसभा सीटबाट पार्टीले डा मुनिश तामांगलाई उम्मेदवार बनाएको छ I

४. भारतीय जनता पार्टीका दार्जीलिङ लोकसभा सीटका उम्मेद्वार राजु विष्टले भोली नामाकंन दर्ता गर्नुहुनेछ।

५. कलेजभेल्ली चियाकमानमा प्रबन्धक पक्षले चिया कमानमा काम बन्दको नोटिस टाँसेर काम बन्द गरेको छ।

**पीएम उत्तरबङ्गाल भ्रमण**

भाजपाका बरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदी आगामी 4 अप्रेल्को दिन आफ्नो चुनावी भ्रमणमा कुचबिहार आउनु हुनेछ । उक्त र्‍यालीपछि आइतबार जलपाईगडीमा श्री मोदीको र्‍यालीको प्रस्ताव छ। भाजपा स्रोत अनुसार श्री मोदीले एउटै मञ्चबाट दुई निर्वाचन क्षेत्र जलपाईगडी अनि अलिपुरद्वारमा चुनावी सभा पनि गर्नु हुनेछ । यसअघि आइतबार बालुरघाटमा बैठकपछि प्रधानमन्त्री जलपाईगडीको भ्रमणमा आउने निर्णय भएको थियो। तर, हावाहुरीपछि प्रधानमन्त्रीको कार्यतालिकामा फेरबदल भएको छ। प्रदेश भाजपा अध्यक्ष सुकान्त मजुमदारको लोकसभा निर्वाचन क्षेत्र बालुरघाटमा दिउँसो २ : ३० बजे प्रचार गरेपछि प्रधानमन्त्रीको अपराह्न ४: ३० बजे जलपाईगडी प्रस्थान गर्ने कार्यक्रम रहेको थियो । तर परिवर्तन गरिएको तालिका अनुसार आइतबार बालुरघाटमा मोदीको श्री मोदीको सभा नहुने भएको छ । योभन्दा पहिले उहा जलपाईगडी पुग्न सक्ने सम्भावना रहेको छ भने उहाले जिल्लाका भाजपा नेताहरूसँग पनि हावाहुरीले क्षतिग्रस्त जिल्लाको अवस्थाबारे कुरा गर्न सक्ने छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले जलपाईगडीमा आँधीबेहरी आए लगत्तै शोसल मिडियामा चिन्ता व्यक्त गर्नु हुदै स्थानीय नेता र कार्यकर्ताहरूलाई राजनीति छोडेर सेवामा ध्यान दिन आग्रह गर्नु भएको थियो । गृहमन्त्री अमित शाहले पनि मुख्यमन्त्री ममता बेनर्जीसँग कुराकानी गर्नु हुदै आँधीबाट भएको क्षतिको सामना गर्न सबै सम्भव सहयोग गर्ने आश्वासन दिएका छन्।

****** ० ******

**बङ्गाल पर्यवेक्षक**

निर्वाचन आयोगले लोकसभा चुनावमा निगरानी राख्न पश्चिम बंगालसहित 6 राज्यमा विशेष पर्यवेक्षक र पुलिस पर्यवेक्षक गरी दुई प्रकारका पर्यवेक्षकहरू नियुक्त गरेको छ। आयोगले आज परिपत्र जारी गर्दै यस्तो घोषणा गरेको हो । पश्चिम बंगाल बाहेक बिहार, महाराष्ट्र, उत्तर प्रदेश, आन्ध्र प्रदेश र ओडिशामा पर्यवेक्षक नियुक्त गरिएको छ। आयोगले सेवानिवृत्त आईपीएस अनिलकुमार शर्मालाई बंगालको लोकसभा निर्वाचनका लागि विशेष पुलिस पर्यवेक्षकमा नियुक्त गरेको छ । आयोगले सामान्यतया निर्वाचनको समयमा राज्यहरूमा विशेष पुलिस पर्यवेक्षकहरू नियुक्त गर्दछ। उनी पश्चिम बंगालको २०२१ विधानसभा चुनावमा विशेष पुलिस

पर्यवेक्षक थिए। यस अघि पनि आईपीएसको अनुभवलाई ध्यानमा राख्दै उनलाई लोकसभा चुनावमा पश्चिम बंगालको जिम्मेवारी दिइएको राजनीतिक पर्यवेक्षकको एक वर्गको विश्वास छ।

****** ० ******

**कांग्रेस सूची**

कांग्रेस पार्टीले लोकसभा चुनावको लागि 17 जना उम्मेद्वारहरुको अर्को सूची आज जारी गरेको छ I दार्जीलिंग लोकसभा आसनबाट डा मुनिश तामांगलाई कांग्रेसको उम्मेदवार बनाएको छ I स्मरण रहोस, गत तीन चार दिन अघि मात्र दिल्लीको कांग्रेस मुख्यालयमा डा तामांगले कांग्रेसको सदस्यता ग्रहण गरेका थिए भने सोही दिन दार्जीलिंग पहाडको एक प्रमुख पार्टी हाम्रो पार्टीका अध्यक्ष अजय एडवार्ड पनि इन्डी गठबन्दनमा सामेल भएका थिए I यसरी दार्जीलिंग लोकसभा सिटमा त्रिकोणीय प्रतिस्पर्धा हुने भए तापनि मुख्य प्रतिस्पर्धा भागोप्रमो टीएमसी गठबन्धन उम्मेद्वार गोपाल लामा अनि भाजपा,गोरामुमो,गोजमुमो गठबन्धन उम्मेदवार राजु बिष्टबीच नै हुनेछ I कंग्रेसले बिहारका तीन, आन्ध्र प्रदेशका 5 अनि ओडिसाका 8 सीटमा आफ्नो उम्मेद्वारको नाम घोषणा गरेको छ I दार्जीलिंग , बालुरघाट र रायगंज लोकसभा आसनमा दोस्रो चरणमा 26 अप्रेलको दिन मतदान हुनेछ I दोस्रो चरणको नामांकन भर्ने अन्तिम मिति 4 अप्रेल रहेको छ I डा मुनिष तामांगले भोलि नामांकन भर्ने सम्भावना रहेको छ I अर्कोतिर भाजपा उम्मेद्वार राजु विष्टले पनि भोलि नै आफ्नो नामांकन पत्र दर्ता गर्नेछन् I

अन्ततः कंग्रेसले दार्जीलिङ आसनमा डा. मुनिष तामाङलाई आफ्नो उम्मेदवार बनाएको छ। यसैबिच कंग्रेस प्रार्थी डा. मुनिष तामाङले नामाङ्कन पेश गर्ने अन्तिम दिन 4 अप्रेलको दिन नै नामाङ्कन दर्ता गर्नु हुनेछ। कंग्रेसले आज मोठ 17 जना उम्मेद्वारको नाम घोषणा गरेको छ, जसमध्ये दार्जीलिङ लोकसभा आसनबाट डा. मुनिष तामाङलाई आफ्नो उम्मेद्वार बनाएको छ। उल्लेखनीय छ, गत 28 मार्चको दिन नयाँ दिल्लीमा मुनिष तामङ कंग्रेस पार्टीमा सामेल हुनु भएको थियो। कालेबुङ जिल्ला अन्तर्गत बाग्राकोटको चुनाभट्टीमा जन्मिएका मुनिष तामङ वर्तमान दिल्ली विश्वविद्यालयअधिनस्थ मोतीलाल नेहरू कलेजका अंग्रेजी विषयका एसोसिएट प्रोफेसर हुन्। गोर्खाहरूको राष्ट्रिय स्तरको संगठन भारतीय गोर्खा परिसंघका उहाँ राष्ट्रिय अध्यक्ष पनि हुनुहुन्थ्यो। कंग्रेसमा सामेल भएपछि उहाँले भारतीय गोर्खा परिसंघको आफ्नो पदबाट राजीनामा दिइसकेका छन्। यसैबीच, 29 मार्च 2024 को दिन आफूले दिएको वचनमा आजपनि अडिग रहेको राज्य कंग्रेस महासचिव विनय तामाङले बताउनु भएको छ। आफूले कुनैपनि अवस्थामा डा. मुनिस तामाङलाई समर्थन अनि सहयोग नगर्ने पनि उहाँले बताउनु भएको छ।

****** ० ******

**गोजमुमो**

बुधबार 3 अप्रेलको दिन भारतीय जनता पार्टीका उम्मेद्वार राजु विष्टले नामाङ्कन पेश गर्ने भएका छन्। जसमा सहभागिता जनाउन गोर्खा जनमुक्ति मोर्चाले आफ्ना कार्यकर्ताहरूलाई बिहान चौरास्तामा भेला हुने आह्वान गरेको छ। यस दिन गोजमुमो समर्थकहरू व्यापक मात्रामा भेला हुने भएको बताउँदै ट्राफिक जाम हुनसक्ने पनि पार्टीले सम्भावना व्यक्त गरेको छ। यसैले अत्यावश्यक कामले दार्जीलिङदेखि बाहिर जाने यात्री तथा पर्यटकहरूलाई बिहान चाँड़ै दार्जीलिङबाट प्रस्थान गरिदिने पनि पार्टी नेता दिपेन मालेले अपील गरेका छन्।

****** ० ******

**गोपाल लामा**

दार्जिलिङ संसदीय क्षेत्रका टीएमसी प्रार्थी गोपाल लामाले अहिले जोरतोरले चुनाउ प्रचार प्रसार गरिरहनु भएको छ। यसै क्रममा आज प्रार्थी लामाले बाघडोग्रा क्षेत्रमा चुनाउ प्रचार प्रसार गर्नु भयो। यसअवधि उहाँसँग टीएमसी नेत्री पापिया घोषलगायत पार्टी कार्यकर्ता र समर्थकहरू साथमा थिए। बाघडोग्रास्थित आनन्दमय काली मन्दिरमा पूजा-अर्चना गरेर उहाँले चुनाउ प्रचार थाल्नु भयो। लामाले नतुनपाडा, भुजियापानी, गोसाईपुर , रेलबस्ती र बीपीरोड क्षेत्रमा सर्वसाधारणसँग कुराकानी गर्दै भोट अपील गर्नुभयो।

****** ० ******

**बन्दना राई नामांकन पत्र**

दार्जिलिङ संसदीय सिटको लागि बन्दना राईले आज स्वतन्त्र प्रार्थीको रुपमा आफ्नो नामांकन पत्र दर्ता गर्नु भयो। उहाले आफ्नो नामांकन पत्र बुझाउन अघि दार्जीलिङको महाकाल बाबा मन्दिरमा पूजा अर्चना गरेकी थिइन्। आफ्नो नामांकन पत्र दर्ता गर्न अघि सुश्री राईले पत्रकारहरूसित कुराकानी गर्नु हुदै स्वतन्त्र प्रार्थीको रूपमा जितेर गएका सासंदहरूले आफ्नो क्षेत्र र जातिको लागि धैरै काम गरेको बताउँनु हुदै आफ्नो मुख्य मुद्दा नै गोर्खाल्याण्ड रहेको जनाउनु भयो । उहाले भन्नु भयो, बिग्री हुने भए कुनै राजनैतिक पार्टीको नेता हुने थिएँ होला तर म जाति र समाजको लागि अघि आएको हो I

****** ० ******

**कलेजभेल्ली कमान**

चुनाउको मुखैमा कलेजभेल्ली चियाकमानमा प्रबन्धक पक्षले चिया कमानमा काम बन्दको नोटिस टाँसेर काम बन्द गरेको छ। गत केही दिनदेखि समस्या सिर्जना भएको कलेजभेल्ली चियाकमानमा आज बिहान काम बन्दको नोटिस टाँसेको स्थानीय चियाकमानका श्रमिकहरूले बताएका छन्। हालमा सिलिकन एग्रो टी कम्पनीको अधीनस्थ रहेको कलेजभेल्ली चियाकमानमामा स्टाफ, लोअर डिभिजन स्टाफहरू र श्रमिकहरू लगाएर जम्मा 630 जना कार्यरत छन्। कमानमा आज बिहान प्रबन्धक पक्षले नोटिस टाँसेको देखेर काममा आएका श्रमिकहरू पनि अलमल्ल परेर काममा नगई कार्यालयमा नै रहेको बताइएको छ। कमानमा काम बन्दको नोटिस टाँसेको कारणले यहाँ मार्च महिनामा तयार पारिएको 114 केजी चियापत्ती र अप्रेलमा तयार पारिएको चियापत्ति लगाएर जम्मा 257 केजी चियापत्ती कारखानामा नै शिल गरेर राखिएको जानकारी प्राप्त भएको छ। कलेजभेल्ली चियाबारीमा मालिकले स्टाफ र श्रमिकहरूलाई पीएफ र ग्राजुएटीको रकम पनि समयमै भुक्तान नगरेको गुनासो रहेको छ। बागनमा काम बन्द भएको नोटिस देखेर श्रमिकहरू र स्टाफहरू मिलेर बगानमा तयार पारिएको चियापत्ती शिल गरेर राखिएको बताइएको छ। कमानमा काम बन्दको नोटिस टाँसेपछि काम बन्द हुँदा जीटीएका डेपुटी चिफ् एंव क्षेत्रीय सभासद राजेस चौहान कलेजभेल्ली पुगेर कारखानामा केही नराम्रो घटना नहोस् भनेर सुरक्षा गार्डको व्यवस्था गरेको पनि बताइएको छ।

****** ० ******

**राज्यपाल**

राज्यपाल सीवी आनन्द बोस आँधीबेही प्रभावित जलपाइगढीको भ्रमण पछि आज कोलकाता फर्किनु भयो। आज सिलगढीको बागडोग्रा एयरपोर्टमा पत्रकारहरूलाई सम्बोधन गर्दै उहाँले अवस्था अहिले नियन्त्रणमा रहेको बताउनु भयो। राज्यपालले घटनाको खबर सुन्नसाथ क्षेत्रका जनतालाई भेट्न आएको र सबै मिलेर काम गरिरहेकाले अवस्था अहिले नियन्त्रणमा रहेको बताउनु भयो।उल्लेखनीय छ, आइतबार आएको विनाशकारी आँधीबेहीले जलपाइगढी जिल्लाका विभिन्न ठाउँहरूमा व्यापक क्षति पुऱ्याएको छ। आँधीका कारण मृत्यु हुनेको संख्या पाँच पुगिसकेको छ। यस आँधीमा परी सयौं मानिस घाइते भएका छन् । आँधीबेहीले जलपाइगढीका धैरै मानिसहरूको जनजीवन प्रभावित बनेको छ। कसैको घरको छाना उडेको छ भने कसैको घर भत्किएको छ। आँधीबेहीले जलपाइगढी जिल्लाको मैनागढी ब्लकमा पनि धैरै क्षति पुऱ्याएको राज्यकी मुख्यमन्त्री ममता व्यानर्जी, राज्यपाल सीवी आनन्द बोस, बीजेपी नेता शुभेन्दु अधिकारी, टीएमसी नेता अभिषेक व्यानर्जीलगायतका नेताहरूले प्रभावित क्षेत्रका भ्रमण गरिसकेका छन्।

****** ० ******

**दिलीप घोष विवादास्पद वयान**

आफ्नो विवादास्पद बयानका कारण चुनाव आयोगको आलोचनाको सामना गर्नु परेका बंगाल भाजपाका पूर्व अध्यक्ष तथा बर्दवान दुर्गापुरबाट पार्टीका उम्मेदवार दिलीप घोषले फेरि एकपटक यस्तो टिप्पणी गरेका छन् जुन हेडलाइनमा छन्। पश्चिम बंगालको जलपाईगडीमा आँधी र आँधीका कारण पाँच जनाको मृत्यु भएको छ भने सयौं घाइते भएका छन् । मंगलबार यसबारे सोधिएको प्रश्नको जवाफमा उहाले चक्रवात आयो भने बंगालका लागि राम्रो हुने बताउनु भएको छ । पछि यसबारे विस्तृत रूपमा बोल्नु हुदै उहाले तृणमूल कांग्रेसकी नेतृ मुख्यमन्त्री ममता बनर्जी र अरूलाई खुसी हुने भएकाले राम्रो भएको बताउनु भयो । उहाले मुक्यमंत्री ममता ब्यनार्जीप्रति इंगित गर्नुहुदै भन्नु भयो, उनीहरूले चक्रवातको समयमा धैरै लुट्ने मौका पाउँछन्। श्री घोषले भन्नु भयो, एकातिर प्राकृतिक प्रकोपले मानिसलाई नष्ट गर्छ भने अर्कोतिर तृणमूल कांग्रेसले लुट्छ र विनाश गर्छ। यस विषयमा तृणमूलले फेरि एकपटक प्रश्न उठाएको छ। पार्टी प्रवक्ता कुणाल घोषले दिलीप घोषले बोलेको शैलीले निर्वाचन आचारसंहिताको उल्लंघन भएको र यसविरुद्ध उजुरी गरिने बताउनु भयो ।

****** ० ******

**सिलगडी बम**

सिलगडीको भक्तिनगर थाना अन्तर्गत खोलाचन्द फाफरीमा  आज एकैसाथ तीनवटा स्वदेशी बम फेला परेपछि क्षेत्रमा खैलाबैला मच्चिएको छ । स्थानीयले एउटा झोलामा तीनवटा स्वदेशी बम देखेपछि भक्तिनगर पुलिस थानालाई खबर गरेको थियो I पुलिसले  घटनास्थलमा पुगेर क्षेत्रलाई घेरा हालेको थियो भने  त्यसपछि सिआइडी बम स्क्वाडलाई खबर गरियो । सूचना पाए लगत्तै सिआइडी बम स्क्वाड टोली घटनास्थलमा पुगेर बमलाई नियन्त्रणमा लिएपछि टोडिबारी नदी किनारमा लगेर उक्त बमलाई निष्क्रिय पारेको जानकारी प्राप्त भएको छ

****** ० ******

**मौसम**

अप्रेल महिनाको शुरुदेखि नै  महानगर कोलकाता लगायत राज्यका अन्य भागमा चरम गर्मीको संकेत देखिन थालेको छ । मौसम विभागको क्षेत्रीय मुख्यालय अलिपुरले आज  जारी गरेको विज्ञप्तिमा भनिएको छ कि कोलकाताको न्यूनतम तापक्रम 28. 8 डिग्री सेल्सियस र अधिकतम तापक्रम 38.01 डिग्री सेल्सियसमा रेकर्ड गरिएको छ  जुन सामान्यभन्दा तीन डिग्री बढी हो। कोलकाता बाहेक, हावडा, हुगली, उत्तर र दक्षिण 24 परगना, पूर्व र पश्चिम मेदिनीपुर, पुरुलिया, बांकुरा लगायत राज्यका अन्य भागहरूमा तापमान 28 देखि 38 डिग्री सेल्सियसको बीचमा रेकर्ड गरिएको छ, जसका कारण यो चर्को गर्मीको अनुभव भइरहेको छ। तर, भारी वर्षा र आँधीले उत्तर बंगालका धेरै ठाउँमा जनजीवनमा ठूलो क्षति पुर्याएको छ। अहिले साताभर मौसम यस्तै रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

****** ० ******

****** ० ******